मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३२८ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक ४ गते सोमबार (Monday, October 21. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**सूचना**

संघीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्यसहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग





इलाम जिल्लाको प्रशिद्ध पर्यटकीयस्थल हो- अन्तुपोखरी । यो सूर्योदय नगरपालिमामा पर्दछ । यस पोखरी परिसरमा हाल दर्जनौ होमस्टे र कटेजहरु खुलेका छन् । बर्षभरि नै चिसो हुने ठाउँ भएकाले पर्यटकको पहिलो रोजाइ बन्दै गएको छ- श्रीअन्तु ।

# यसरी समातिए हनी ट्र्यापरदेखि एयर होस्टेजसम्म

**बिर्तामोड, कात्तिक २।** झापा जिल्लामा बिर्तामोड सुरक्षाका हिसाबले निकै संवेदनशील मानिन्छ । आपराधिक गतिविधि बढी हुने तथा जनघनत्व समेत धेरै भएकाले बिर्तामोड क्षेत्रको सुरक्षा व्यवस्था चुस्त राख्न प्रहरीलाई हम्मे-हम्मे हुने गरेको छ । तर, गत जेठ महिनाबाट इलाका प्रहरी कार्यालय अनारमनीको नेतृत्व सम्हालेका प्रहरी नायब उपरीक्षक मोहन थापा छोटो समयमा नै आपराधिक गतिविधि नियन्त्रणमा उल्लेख्य काम गर्न सफल भएका छन् ।

पाँच महिनाको अवधिमा प्रहरी नायब उपरीक्षक थापाले हनी ट्र्यापदेखि एयर होस्टेज हुँ भन्दै ठगी गर्ने तथा सांगठानिक अपराध गर्नेहरुलाई पक्राउ गर्न सफल भएका छन् । प्रहरीको कुशल नेतृत्वमा गनिने थापा बिर्तामोडको कमाण्ड सम्हाले लगत्तै अपहरण काण्डको ठूलो गिरोहलाई पक्राउ गर्न सफल भए ।

गत साउन १ गते बिर्तामोड-४का व्यवसायी

**अपराध नियन्त्रण गर्न सफल बन्दै प्रहरी**

अमरजित साहलाई महिलाको प्रयोग गरी झुठो मायाको जालबुनेर ललाईफकाई अपहरण गरी कोठामा राखेर हन्टर सुजन, सञ्जु क्षेत्री भन्ने सुजन शंकर, मेराज खान, पिके भन्ने प्रकाशचन्द्र दास, काशिद आलम भन्ने मोहमद काशेक शेख समेतको योजनामा शरीर बन्धक बनाई कुटपिट गरी कपडा खोल्न लगाई नाङ्गै बनाएर भिडियो खिची सामाजिक सञ्जालमा घर परिवार समेतमा देखाई दिने भनी धाक धम्की दिई डर त्रास देखाई ४० लाख दिने सम्झौता गरी पीडितलाई मुक्त गरेको घटनामा प्रहरी उनीहरुलाई पक्राउ गर्न सफल भयो ।

पक्राउ परेकाहरु अपहरण तथा शरीर बन्धक, लागूऔषध, आपराधिक लाभ, नक्कली नोट र संगठित अपराध मुद्दामा अनुसन्धान गरी पुर्पक्षको लागि थुनामा गएका छन् । प्रहरीले यो घटनालाई हनी ट्र्याप भन्दै नक्कली माया जालमा पारेर अपराध गर्नेहरुको घटना

(बाँकी अन्तिम पृष्ठमा)

## जुवातास खेल्ने ९ पक्राउ

**काठमाडौं, कात्तिक ३।** जुवातास खेलिरहेको अवस्थामा प्रहरीले ९ जनालाई पक्राउ गरेको छ ।

टोखा नगरपालिका-१० भण्डारी टोलस्थित ५७ वर्षीय जीतबहादुर केसीको घरमा जुवातास खेलिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३५ वर्षीय देव गुरुङ लगायत ९ जनालाई नगद २ लाख ४ हजार ४३ रुपैयाँ र १६ बुङ तासससहित प्रहरीले पक्राउ गरेको हो । महानगरीय प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको बताइएको छ ।

## पटकासहित महिला नियन्त्रणमा

**काठमाडौं, कात्तिक ३।** काठमाडौं महानगरपालिका-३२ टाउन प्लानिङ बस्ने सर्लाही घर भएकी २५ वर्षीया बबिता राउतलाई झिरझिरे पटका ८ प्याकेट, चक्र पटाका १ प्याकेट र खुर्सानी पटाका ६० प्याकेटसहित प्रहरीले पक्राउ गरेको छ ।

बबितालाई सोही ठाउँस्थित आफ्नै सोनाम किराना पसलमा उक्त पटाका बेच्दै गरेको अवस्थामा फेला पारी महानगरीय प्रहरी प्रभाग काँडाघारीबाट खटिएको प्रहरीले पक्राउ गरेको हो ।

यसैगरी काठमाडौं महानगरपालिका-३स्थित बाग्लुङ नगरपालिका-७ घर भएकी ३३ वर्षीया दीपा शर्माको किराना पसलमा ३२ प्याकेट पटाका फेला पारी शनिबार साँझ उनलाई प्रहरीले पक्राउ गरेको छ ।

बर्दिया, बढैयाताल गाउँपालिका-३ फुटाहाबाट मैनबत्ती पटाका ५ सय थान, फूलझरी पटाका २ सय थान, सुतली पटाका १ सय थान, चक्कर पटाका ५० थान र रकेट पटाका २० थान शनिबार साँझ प्रहरीले बरामद गरेको छ । भारतबाट नेपालतर्फ अवैध रुपमा भन्सार छली ल्याई बेवारिसे अवस्थामा थुपारी राखेको उक्त पटाका प्रहरीले फेला पारी बरामद गरेको हो ।

# वार्षिक ३५ लाख पर्यटक भित्र्याउने योजना

**झापा, कात्तिक ३।** सरकारले आगामी दशकलाई भ्रमण वर्षका रूपमा मनाउँदै वार्षिक ३५ लाख पर्यटक भित्र्याउने योजना अघि सारेको छ ।

सन् २०२०लाई नेपाल भ्रमण वर्ष मनाएर २० लाख विदेशी पर्यटक भित्र्याउने योजनाका साथ प्रवर्द्धनात्मक कामलाई तीव्रता दिएको सरकारले भ्रमण वर्षलाई आगामी दशकको रूपमा मनाउँदै वार्षिक ३५ लाख पर्यटक भित्र्याउने योजना अघि सारेको हो ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेशकुमार भट्टराईले आगामी दशकलाई भ्रमण वर्षका रूपमा मनाएर बढीभन्दा बढी विदेशी पर्यटक भित्र्याउने योजनका लागि सरकारलगायत सरोकार भएका निकायसँग छलफल गरी रणनीति तय गरिने जानकारी दिए ।

नेपाल भ्रमण वर्ष २०२० कार्यक्रम र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) बीच समझदारी तथा नवनिर्वाचित समितिलाई बधाई ज्ञापन गर्न आयोजित कार्यक्रममा पर्यटनमन्त्री भट्टराईले भ्रमण वर्ष अभियानलाई आउने दशकलाई उत्साहका साथ मनाउन सकेको खण्डमा आगामी १५औं पञ्चवर्षीय योजनाको समाप्ति हुँदा कम्तीमा पनि ३५ लाख विदेशी पर्यटकले नेपाल भ्रमण गर्ने सरकारको अपेक्षा रहेको बताए ।

उनले भने- अबको दुई महिनापछि (सन् २०२० लाई) हामीले भ्रमण वर्ष मनाउँदै छौं, त्यसलाई सफल बनाउन हरतवरले लागीपरेका छौं, तर २०२० मै भ्रमण वर्षको सम्पूर्ण अभियान सकिने हैन, यो त भ्रमण वर्षको थालनी हो । आगामी दशकलाई नै भ्रमण वर्षको दशकको रूपमा मनाएर वार्षिक ३५ लाख पर्यटक भित्र्याउने योजनाका साथ काम अघि बढाउँछौं ।

मन्त्री भट्टराईले भ्रमण वर्ष अभियानको तयारीमा सिङ्गो मुलुक जुटिरहेको बताउँदै अभियानलाई सफल बनाउन एनआरएनको सक्रिय भूमिकाको खाँचो औंल्याएँ । उनले अथाह पर्यटकीय सम्भावना भएको नेपालमा भ्रमण वर्ष मनाएर २० लाख पर्यटक भित्र्याउनु त्यति चुनौतिको विषय नभए पनि विश्वमा नेपालको पर्यटनबारे प्रभावकारीरूपमा प्रचारप्रसार हुन नसकेका कारण पर्यटकीय लाभ लिन नसकिएको धारणा राखे ।

पर्यटनमन्त्री भट्टराईले मुलुकको कूल गाहृस्थ उत्पादनमा पर्यटन क्षेत्रको १० प्रतिशत योगदान पुऱ्याउने लक्ष्यका साथ सबैखाले तयारीमा सरकार जुटेको उल्लेख गर्दै पर्यटकीय पूर्वाधार विकास र कनेक्टिभिटीलाई जोड दिइएको बताए ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको उडान चाप न्यूनीकरण गर्न क्षमता विस्तार र सेवा स्तरीकरणको कामलाई प्रभावकारी अघि बढाइएको तथा सन् २०२०को मार्च महिनाबाट निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलाई सञ्चालनमा ल्याइनुका साथै पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माणलाई तीब्रताका साथ अघि बढाइने उनले बताए ।

पर्यटन मन्त्रालयका सचिव केदारबहादुर अधिकारीले भ्रमण वर्षलाई प्रभावकारी बनाउँदै पूर्वाधार विकासलाई प्राथमिकताकासाथ अघि बढाइएको बताए । मुलुकको पर्यटन प्रवर्द्धनका निम्ति कनेक्टिभिटी महत्वपूर्ण भएकाले हवाई पूर्वाधारका साथै सडक सञ्जाल विस्तारलाई पनि जोड दिइएको उनले बताए ।

कार्यक्रममा नेपाल भ्रमण वर्ष अभियान राष्ट्रिय कार्यक्रमका संयोजक सुरज वैद्यले भ्रमण वर्ष अभियानको प्रवर्द्धनात्मक कामलाई थप गति दिएको र अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसारको काम शुरु भइसकेको जानकारी दिए ।

एनआरएनएका अध्यक्ष कुमार पन्तले नेपालमा अधिक विदेशी पर्यटक भित्र्याउन संस्थाले सद्भावनादूतका रूपमा प्रभावकारी भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

नेपालको पर्यटनबारे विदेशमा हुने गरेको नकारात्मक प्रचारप्रसारलाई चिर्दै नेपाल गन्तब्य प्रवर्द्धनका साथै नेपालको आर्थिक समृद्धिको विकासका निम्ति पनि संस्थाले सक्रिय योगदान गर्ने उनले स्पष्ट पारे ।

**भ्रमण वर्ष प्रवर्द्धनका लागि समझदारी**

भ्रमण वर्ष अभियानको प्रभावकारी प्रवर्द्धनका लागि नेपाल भ्रमण वर्ष २०२० सचिवालय र गैरआवासीय नेपाली संघबीच नेपालको पर्यटन प्रवर्द्धन सम्बन्धी एक समझदारी पत्र (एमओयू)मा हस्ताक्षर भएको छ ।

सचिवालयकातर्फबाट संयोजक वैद्य र एनआरएनका अध्यक्ष पन्तले उक्त समझदारी

(बाँकी अन्तिम पृष्ठमा)

# जग्गा विवाद झन बढ्दै

**बिर्तामोड, कात्तिक २।** बिर्तामोड निवासी ढुङ्गाना परिवारले शिवाकोटी परिवारलाई आफ्नो १३ कट्ठा जमिन अतिक्रमण गरेको आरोप लागाउँदै केही दिन अघि पूर्वाञ्चल दैनिक लगायतका केही स्थानीय सञ्चारमाध्यममै प्रेस विज्ञप्ति प्रकाशित भए ।

लगत्तै शिवाकोटी परिवारको तर्फबाट पनि त्यसको खण्डन गर्दै उल्टै ढुङ्गाना परिवारले दुई कट्ठा ६ धुर जमिन मिचेको प्रेस विज्ञप्ति जारी भयो । आरोप लगाउने ढुङ्गाना परिवार शिक्षासेवी हुन् ।

कनकाई एजुकेशन फाउण्डेशनका संस्थापक समेत रहेकी अञ्जना ढुङ्गानाले बिर्तामोड निवासी रुची शिवाकोटीको नाममा दर्ता कायम रहेको जमिनमा आफ्नो सीमाना मिल्ने र सो सीमाना मिचेर शिवाकोटी परिवारले पर्खाल लगाएको भन्दै आपत्ति जनाइन् । यता शिवाकोटी पनि कञ्चनजंङ्घा नर्सिङ कलेजकी सञ्चालक हुन् । उनले पनि विज्ञप्ति जारी गर्दै आफ्नो कित्ता नम्वर १७२ र ५४८ नम्वरको जमिन मिचेर बिगतका वर्षदेखि नै विरुवा लगाएको आरोप लगाइन् । सीमाना विवाद अन्त्यका लागि पटक-पटक जमिन नाप्न प्रयत्न गरिए पनि ढुङ्गाना परिवार नै नआउने गरेको विज्ञप्तिमा भनिएको थियो ।

दुवै परिवार शिक्षा क्षेत्रमा काम गर्छन् । उनीहरु नै जमिन विवादमा रुमल्लिएका छन् । आरोप र प्रत्यारोपमा एक अर्कालाई मुछेपछि पूर्वाञ्चल दैनिकले स्थलगत अध्ययन गरेको छ । सो क्रममा जमिनको नापका लागि आएको टोलीका अमिन नारायण बस्नेतसँग जानकारी लिँदा उनले रुची शिवाकोटी र बिमलादेबी चौधरीको नाममा दर्ता कायम रहेको जमिनको सीमाना दुई/चार फिट तलमाथि भएको र दुवैले आ-आफ्नो अडान छाडे विवादको समाधान हुने बताए । उनले भने - यो जमिन धेरैपटक नापियो तर, विवाद जस्ताको तस्तै छ ।'

४८ सयको ठूलो नक्सा भएकाले जमिन नाप्दा दुई तीन फिटको मात्रै फरक पर्छ तर ढुङ्गाना परिवारले देखाएको ठाउँबाट जमिन नाप्नुपर्ने भएपछि आफूहरुलाई जमिन नाप्न सहज नभएको अमिन बस्नेतको भनाइ छ । अमिन बस्नेतले जमिन नाप्ने क्रममा ढुङ्गाना परिवारले नै देखाएको पोइन्टबाट जमिन नाप्न नसकिने र बीच पोइन्टबाट नाप्दा

(बाँकी अन्तिम पृष्ठमा)


**सतासी बहुमुखी सहकारी संस्था लि.**
बिर्तामोड-६, झापाको

**सूचना ! सूचना !! सूचना !!!**

यस संस्थाको चालू आ.व. २०७६।०७७को लेखा परीक्षण गर्न एक जना लेखा परीक्षकको आवश्यकता भएको हुनाले ख वर्गको इच्छुक दर्तावाला लेखा परीक्षकहरुलाई तपशिलको आवश्यक अनुसार मिति २०७६ मंसीर मसान्तसम्मको समयावधिसम्ममा संस्थाको प्रधान कार्यालय बिर्तामोडमा आवेदन दर्ता खुल्ला गरिएको व्यहोरा सम्बन्धित सबैमा सूचित गरिएको छ ।

**तपशिल**

१) ख वर्गको पेशागत प्रमाणपत्रको प्रतिलिपि - १
२) फर्म नवीकरणको प्रतिलिपि - १
३) स्थानीय लेखा नं. (पान नं.) प्रतिलिपि- १
४) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि - १
५) बार्षिक पारिश्रमिक पत्रमा खुलाउनुपर्ने छ ।

सन्तोषकुमार श्रेष्ठ : प्रबन्धक


# सहाराद्वारा दुई स्थानीय तहलाई एम्बुलेन्स



**पाँचथर, कात्तिक ३।** सहारा नेपाल बचत तथा ऋण सहकारी सस्था लि. चारपानेले आफ्नो कार्यक्षेत्रभित्रका दुई स्थानीय निकायहरुलाई एम्बुलेन्स सहयोग गर्ने भएको छ ।

संस्थाको सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत पाँचथरको कुम्मायक गाउँपालिका र उदयपुरको चौगण्डीगढी नगरपालिकालाई एक/एक थान एम्बुलेन्स अनुदानमा सहयोग गर्ने भएको हो । आइतबार कुम्मायक गाउँपालिका पाचँथरको सभाहलमा आयोजित कार्यक्रममा सहारा नेपाल साकोस लि.का पधादिकारी तथा गाउँपालिका वीच सहारा नेपाल साकोस लि.ले एम्बुलेन्स सहयोग गर्ने बारे पहिलो चरणको छलफल भएको हो ।

सहारा नेपाल साकोसको तर्फबाट सञ्चालक समिति सदस्य शुक्रबहादुर तामाङ, शंकर रिजाल, नरहरि न्यौपाने, उपनिर्देशक लक्ष्मण खतिवडा, इलाम अनुगमन अधिकृत तोयानाथ आचार्य, याशोक सेवाकेन्द्र प्रमुख मदन कुमार श्रेष्ठ, कर्मचारी मुकुन्द उप्रेती तथा कुम्मायक गाउँपालिकाकाको तर्फबाट उप प्रमुख सीता आचार्य, प्रमुख प्रशासकीय अधिकृत कमल प्रसाद भट्टराई, स्वास्थ्य चौकी प्रमुख केदार खड्का, नेपाल रेडक्रस सोसाइटी कुम्मायक सभापति गजेन्द्र आचार्य लगायतका पधधिकारीबीच छलफल भएको थियो ।


नेपालकै सबैभन्दा ठूलो सहकारी संस्थाको रुपमा रहेको सहारा नेपाल साकोसले आफ्ना कार्य क्षेत्रभित्रका स्थानीय तहहरुमध्ये यसपटक विकटमा रहेको आफ्नो सेवा केन्द्र पाचँथरको कुम्मायक गाउँपालिका र उदयपुरको चौगण्डीगढी नगरपालिकालाई छनोट

(बाँकी अन्तिम पृष्ठमा)


नेपालीहरुको लागि भरपर्दो सेवा

**निशान्त मोटरसाइकल पार्ट्‌स एण्ड सर्भिसिङ्ग सेन्टर**

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्‌सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्‌स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)



**सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा**

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**

- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषाज्ञ
- स्त्री तथा प्रसूति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

# अझै व्यवस्थापन भएन बिर्तामोडको फोहर



**बिर्तामोड, कात्तिक ३।** बिर्तामोड नगरपालिकाले नगरको फोहर व्यवस्थापन गर्ने भनेको बर्षौं भयो। साविक अनारमनी गाविस हुँदादेखि नै बिर्तामोडको प्रमुख समस्या भनेकै फोहोर व्यवस्थापन थियो।

फोहर व्यवस्थापनका लागि यस अघि पनि पटक-पटक पहल नभएको भने होइन। तर, यस विषयमा दीर्घकालीन निकास निकाल्न नसक्दा बिर्तामोडको समस्या बर्षौंदेखि ज्यूँकात्यूँ छ। हिजो गाविस हुँदा गाविस र नगर हुँदा नगरले गरेन भन्नेहरु नै स्थानीय निकायको निर्वाचनपछि निर्वाचित हुँदै नगरको नेतृत्व सम्हाल्न पुगेका छन्। तर, उनीहरुले समेत नगरको फोहोर व्यवस्थापनमा ठोस् कदम चाल्न नसक्दा बिर्तामोड दिन प्रतिदिन प्रदुषित मात्रै बनेको छैन फोहोरी शहरको रुपमा समेत चिनिन थालेको छ।

बिर्तामोड नगरपालिकाले फोहोर व्यवस्थापन गर्न नसक्दा बिर्तामोड क्षेत्रबाट दिनहुँ निस्कने फोहोर विगतका वर्षदेखि नै पूर्वपश्चिम महेन्द्र राजमार्गको सडकपेटीमा पुरिँदै आएको छ। कहिले खाद्य संस्थानको कार्यालय अगाडि त कहिले गिरी बन्धु टी इस्टेट अगाडि नगरको फोहोर पुरिँदैछ। डम्पिङ साइट नहुँदा नगरको फोहर सडकको पेटीमा पुर्नु हानिकारक भए पनि त्यसलाई नियमन गर्ने निकायले नै सडकमा फोहर पुर्नुले बिर्तामोडमा फोहर व्यवस्थापनको समस्या विकराल छ भन्ने स्पष्ट हुन्छ।

अर्जुनधारा नगरपालिका, कनकाई नगरपालिका र बिर्तामोड नगरपालिकाले फोहर व्यवस्थापनका लागि पहल गरिरहेको भन्दै आए पनि फोहरको दीर्घकालीन समाधान भने अझैं हुन सकेको छैन। नगरपालिका आफैंले सडकमा खाल्डो बनाएर फोहर पुर्न थालेपछि स्थानीयले त्यसको विरोध गरेका छन्। तर, नगरपालिकाले स्थानीयको विरोधको वास्ता गरेको छैन।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अहिले एशियन हाइवे हो। त्यही हाइवेमा अहिले नगरपालिकाले मनलाग्दी फोहोर फालिरहेको छ। जसका कारण बातावरणमा समेत नकारात्मक प्रभाव परिरहेको सरोकारवालाले बताउँदै आएका छन्। नगरको फोहोर व्यवस्थापन गर्नु नसक्नुमा स्थानीय जनप्रतिनिधहरु नै दोषी रहेको स्थानीयको आरोप छ। फोहरमैला व्यवस्थापन ऐन २०६८ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले फोहरमैला व्यवस्थापन नियमावली २०७० जारी गरे पनि कार्यान्वयन नहुँदा बिर्तामोड नगरपालिकाले बाटोमा फोहर पुर्दै आएको हो।

बिर्तामोड नगरपालिका मात्र होइन झापाका अधिकांश स्थानीय तहले अहिले फोहरमैला व्यवस्थापन ऐनको कार्यान्वयन गर्न सकेका छैनन्। जसका कारण खोला, बाटो, झाडी, जंगल जस्ता ठाउँमा फोहर फाल्नु परिरहेको छ। बिर्तामोड नगरपालिकाले फोहर व्यवस्थापन गर्नु नसक्नुमा प्रमुख दोष नगरलाई जान्छ बिर्तामोड नगरपालिका -२ चारपाने निवासी देवी गिरी भन्छन्- नगरको फोहर व्यवस्थापन गर्ने प्रमुख दायित्व नगरको हो तर स्थानीय सरकारले दीर्घकालीन सोचका साथ काम नै गरेको छैन। आफ्नो नगर कस्तो बनाउने हो, त्यो भिजन बिर्तामोडले बनाउन सकेको छैन। यसमा दोषी नगरप्रमुख मात्र होइन सबै जनप्रतिनिधिहरु हुन्- गिरी भन्छन् - हिजो नहुँदा हामी गर्छौं भन्नेहरु आज त्यही ठाउँमा पुगेका छन्, तर किन उनीहरुले नै गर्न सकेनन् ?

यता नगरको फोहोर व्यवस्थापन गर्न नसक्नुमा नगरपालिका नै दोषी रहेको महिला उद्यमी पार्वता विमलीको भनाइ छ। उनी भन्छिन्- डम्पिङ साइटको तत्काल व्यवस्थापन गरेर फोहरको व्यवस्थापन गर्नुपर्दछ। फोहरकै कारण विभिन्न खाले रोगको जोखिम हुन्छ, त्यसलाई नगरले बेलैमा ध्यान दिन जरुरी छ।

त्यस्तै बिर्तामोडका अर्का स्थानीय गायत्री शिवाकोटी भन्छन् - बिर्तामोड नगरपालिकाले फोहोर व्यवस्थापन गर्ने तरिका नै जानेको छैन। उनी भन्छन्- खाडल खनेर फोहर पुर्नु आफैमा घातक हो, यो फोहर व्यवस्थापन गर्ने तरिका पटक्कै भएन।

यसैबीच नगरपालिकाका प्रवक्ता अग्निप्रसाद पाण्डेले तीनवटा नगरपालिकाले मिलेर कनकाई नगरपालिकाभित्र फोहर व्यवस्थापनका लागि काम शुरु गरेको र अन्तिम चरणको काम भइरहेको बताएका छन्। उनले अबका केही महिनाभित्रै बिर्तामोडको फोहोरले निकाश पाउने दावी गरे।

# डुँडामारी सिमसार आवश्यकता होः सेर्मा

**झिलझिले, कात्तिक ३।** नगरभित्र गौरवका आयोजना सञ्चालन गर्ने क्रममा नगरकार्यपालिकाबाट वडा जाने सिलिङ्ग बजेट वडाको माग अनुसार हुन नसकेको शिवसताक्षी नगरका प्रमुख चन्द्रकुमार सेर्माले स्पष्ट पारेका छन्।

नगरभित्रका गौरवका आयोजनाहरु सञ्चालन भइरहेकोले ती आयोजना पनि वडाभित्रै सञ्चालन हुने हुँदा सिलिङ्ग बजेट केही खुम्चिएको उनले स्वीकार गरे। नगरका शिवसताक्षी, दोमुखा, चिल्लागढ जस्ता पर्यटकीय क्षेत्रको पूर्वाधार निर्माण, नगरको रिङ्ग रोड, नगरका ११ वटै वडाले नगरकार्यपालिकाको कार्यालय जोड्ने ट्रङ्क रोड जस्ता पूर्वाधार निर्माण भइरहेकोले वडाको सिलिङ्ग बजेट साविककै स्थितिमा रहेको नगर प्रमुख सेर्माले नगरबासीलाई सुनाए।

उनले भने- 'नगरले सञ्चालन गर्ने योजना पनि वडाभित्रैका आयोजना हुन्, वाटो, पुल, कलभर्ट लगायतका स्थायी संरचना निर्माण भइरहेका छन्, अब नगरबासीले यहाँ पुल भएन, त्यहाँ पुल भएन भनेर माग गर्ने अवस्था रहँदैन।' उनले भने- 'आगामी वर्षदेखि वडामा जाने सिलिङ्ग बजेट वृद्धि हुन सक्छ, नगर गौरवका आयोजना दिनदिनै निर्माण सम्पन्न हुँदै आएका छन्।

शिवसताक्षी नगरपालिका वडा नम्बर ८ले आइतवार आयोजना गरेको २०७६/०७७ को वडाको गतिविधि, खेलाडी, ज्येष्ठ नागरिक सम्मान र चाडपर्व शुभकामना आदानप्रदान कार्यक्रममा बोल्दै नगर प्रमुख सेर्माले नेपाल सरकारबाट गठित झापा जिल्लाको महारानी झोडा, लखनपुर, तोपगाछी, धरमपुर, सतासीधाम, र शिवगञ्ज क्षेत्रको जग्गा सम्बन्धी समितिले



जग्गाको लगत संकलन गर्ने कार्य गरिरहेको बताउँदै बास्तविक सुकुम्वासीले केही दिनमा जग्गाधनी प्रमाण पुर्जा पाउने बताए। उनले भने- 'राजश्वका विषयमा किसानका केही गुनासा छन्, सरकारले यस विषयमा पुनर्विचार गरोस् भन्नेमा शिवसताक्षी नगरपालिका सकरात्मक छ।'

नगरप्रमुख सेर्माले केही आफ्नै साथीले नगरका विकासे गतिविधिका विषयलाई लिएर सामाजिक सञ्जालमा गरेको कटु आलोचनाले नगरलाई समृद्ध नबनाउने बताए। उनले भने- करोडौं रुपैयाँ खर्चेर सञ्चालन भइरहेका आयोजनालाई कतिपयले सुँगुरको आहाल बस्ने ठाउँ भनेर गरेको टिप्पणी प्रति नगर प्रमुख सेर्माले दुःख व्यक्त गरे। उनले भने- निर्माणाधीन डुँडामारी सिमसार क्षेत्रलाई भैंसीको र सुँगुर आहाल भनेर टिप्पणी गर्नुभएको छ, यो नगरको रहर होइन आवश्यकता हो।' कतिपय ठाँउमा व्यसायिक रुपमा करोडौं खर्चेर व्यवसायीले पर्यटकीय क्षेत्र निर्माण गरेर आम्दानी गरिरहेका छन्। डुँडामारी सिमसार सरकारले लगानी गरेर निर्माण गर्ने पर्यटकीय पूर्वाधार हो, जसले वर्षेनि नगरको आम्दानी बढाउँछ।'

कार्यक्रममा नेपाली कांग्रेसका सभापति पर्शुराम ढुंगानाले वर्षौंदेखि जोतभोग गरिरहेका किसानलाई उपभोग र अधिका आयोगले दिएका कागजी प्रमाणका आधारमा जग्गाको स्वामित्व दिन बिलम्व गर्न नहुने बताए। उनले भने- सरकारले तोकेको राजश्व वुझाउन नगरबासीसँग सामर्थ्य छैन, राजश्वको विषयमा तीन तहकै सरकार र जग्गा दर्ता समितिले पुनर्विचार गर्नुको विकल्प छैन।' ढुंगानाले जग्गा दर्ता सम्वन्धी बनेको समितिलाई पार्टीले खुलेर सहयोग गर्ने पनि बताए।

वडाध्यक्ष केहरसिंह बस्नेतको अध्यक्षतामा भएको कार्यक्रममा शिवसताक्षी नगरपालिकाका उपप्रमुख भोजकुमारी नेपाल, जग्गा दर्ता समितिका अध्यक्ष राधाकृष्ण खनाल, नेकपाका नगर अध्यक्ष महेन्द्र भट्टराई लगायतले शिवसताक्षी नगरको वर्षौंदेखिको जग्गा सम्बन्धी समस्या विकराल बन्दै गएको भन्दै त्यसलाई तत्काल समाधान गर्न सुझाए।

कार्यक्रममा वडाको बस्तुस्थितिमाथि वडाध्यक्ष बस्नेतले र वडा सचिव पुष्पलाल पाण्डेले भावी योजना सार्वजनिक गरेका थिए। कार्यक्रमको सञ्चालन वडा नम्बर ८का कर्मचारी कुमारसिंह साँवाले गरेका थिए।

# बालिकालाई करणी गरेको अभियोगमा पक्राउ

**झापा, कात्तिक ३।** १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा प्रसौनी गाउँपालिका-३स्थित इँटाभट्टामा काम गर्ने भारत युपी मुरहदाबाद घर भएका २० वर्षीय आरिफ मिया र सोही ठाउँ घर भएका १९ वर्षीय सारिक मिया रहेका छन्। इलाका प्रहरी कार्यालय प्रसौनीबाट खटिएको प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो।

# यौनहिंसाविरुद्ध हजारौंको प्रदर्शन

**झापा(एजेन्सी), कात्तिक ३।** पूर्वी युरोपको क्रोएसियाका विभिन्न सहरहरुमा यौनहिंसाकाविरुद्ध हजारौंले प्रदर्शन गरेका छन्। उनीहरुले यौनहिंसा गर्नेलाई दोषी ठहर गर्नुपर्ने माग गर्दै प्रदर्शन गरेको अधिकारीहरुले आइतबार जानकारी दिएका छन्।

महिला अधिकारवादीहरुको समूहले आयोजना गरेको प्रदर्शनमा सहभागी प्रदर्शनकारीले 'महिलालाई न्याय दे, दोषीलाई कारबाही गर' भन्दै नारा लगाएका थिए।

यसै महिनाको शुरुमा जाडारमा पाँच युवाको समूहले १५ वर्षीया एक युवतीलाई बलात्कार गरेको समाचार सार्वजनिक भएको थियो। अदालतले दोषी आरोपी सबैलाई अनुसन्धानका लागि ३० दिन थुनामा राख्न आदेश दिएको अधिकारीहरुले जनाएका छन्। उनीहरुलाई पर्याप्त अनुसन्धान गर्न र दोषी पाइए सख्त कारबाही गर्न माग गर्दै हजारौं महिला अधिकारवादी तथा आफन्तहरुले शनिबार राजधानी जाग्रेबको मध्यभागमा प्रदर्शन गरेका थिए।

प्रदर्शनकरीले 'दोषीलाई कारबाही नहुनु आफैंमा अर्को अपराध हो' लेखिएको ब्यानर पनि प्रदर्शन गरेका थिए। प्रदर्शनका आयोजकहरुले कानुनको शासन कायम गर्न पनि माग गरेका छन्। उनीहरुले यस मुद्दालाई अर्को अदालतमा लैजानुपर्नेमा जोड दिएका छन्।



# भद्रपुरवासी जंगली हात्तीबाट त्रसित

**भद्रपुर, कात्तिक ३।** झापाको भद्रपुर-७ मा दिनहुँ जसो जंगली हात्तीले आंतक मच्चाउँदा सो क्षेत्रका वासिन्दा त्रसित बनेका छन्।

वडा नं. ७ वोक्तोवारीस्थित फूलसिंह राजवंशीको घर आसपास शनिवारराति आएको जंगली हात्तीले उपद्रो मच्चाएको छ। पाँच वटा ठूला दारा भएका र एउटा बच्चा हात्ती समेत गरी ६ वटा हात्तीले त्रस्त बनाएको स्थानीय सुनील राजवंशीले बताए।

विहानी पख सोही हात्तीको समूहले अञ्जनी मोडस्थित मित्र चम्लागाँईको घरमा रहेको २ बोरा चोकर समेत खाइदिएको राजवंशीले जानकारी दिए।

स्थानीयले वन कार्यालयमा खवर गरे पश्चात कार्यालयबाट आएका कर्मचारीहरुले हात्ती खेदाएको र के कति क्षति भयो भन्ने यकिन नभएको वडा नं. ७का वडाध्यक्ष विनोद पोखरेल वताए।

## यसरी ...

बाहिर ल्याएको हो।

प्रहरी नायब उपरीक्षक थापाले अपराधमा शून्य सहनशीलताको रणनीति अपनाउँदै कुनै पनि अपराधका घटनामा संलग्नलाई उन्मुक्ति नदिने बताए। थापाले सामाजिक सञ्जाल फेसबुक लगायत विभिन्न व्यक्तिहरुसँग नजिक भई प्रलोभनमा पारी क्यानडा लैजान्छु भनी सन् २०१२देखि हालसम्म करिव आठ सयजना व्यक्तिबाट करोडौं ठगी गरी फरार भएका मोरङ उर्लावारीका रामबहादुर खड्कालाई पक्राउ गर्न इलाका प्रहरी कार्यालय सफल भएको जानकारी दिए।

त्यस्तै प्रहरीले जेट एयरलाइन्सको एयर होस्टेज हुँ भनी विभिन्न नाममा नक्कली फेसबुक आइडी बनाएर विभिन्न व्यक्तिहरुसँग साथी बनाउँदै प्रेम तथा विवाह गर्ने नाटक समेत गरी केही युवाहरुसँग रकम ठगी गर्ने झापा अर्जुनधारा नगरपालिका-६की तविता राईलाई पक्राउ गरी कानूनी दायरामा ल्याएको थापाले बताए।

त्यस्तै जिल्लाका विभिन्न स्थानहरुमा एनसेल टावरहरुमा आगजनी तथा विष्फोटन, विष्फोटक पदार्थ भण्डारण, जवरजस्ती चन्दा असुली गर्ने विप्लव समूहका ८ जनालाई कटुवा पेस्तोल २ थान र त्यसमा लाग्ने गोली ४ थान हातहतियार खरखजना, दस्तावेज, ठूलो मात्रामा विष्फोटक पदार्थसहित पक्राउ गरेको प्रहरी नायब उपरीक्षक थापाले बताए।

बिर्तामोडका विभिन्न विभिन्न होटलहरुमा वेश्यावृत्ति हुने गरेको र त्यसमा बालबालिकाको समेत प्रयोग गरिएको जनगुनासो बढेसँगै इलाका प्रहरी कार्यालय अनारमनीले गरेको अनुगमनका क्रममा विभिन्न होटलहरुबाट पाँच जना नावालिकाहरुलाई उद्धार गर्नुका साथै पाँच जना होटल सञ्चालकहरुलाई पक्राउ गरी बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाविरुद्धको कसूर वमोजिमको मुद्दा चलाएको थियो। प्रहरीले अहिले बिर्तामोडमा हुने वेश्यावृत्ति ८० प्रतिशतले कमी आएको दाबी गरेको छ।

बिर्तामोडका विभिन्न स्थानबाट लागूऔषध ब्राउन सुगर विक्री वितरण तथा ओसारपसारको कार्यमा संलग्न ६ जना कारोवारीहरुलाई पक्राउ गर्न सफल भएको छ। बिर्तामोडलाई लागूऔषधमुक्त क्षेत्र बनाउन आफूहरु लागीपरेको प्रहरी नायब उपरीक्षक थापाको भनाइ छ। प्रहरी नायब उपरीक्षक थापाले नेतृत्व सम्हाल्नु अघि नै इलाका प्रहरी कार्यालय बिर्तामोडमा एक बालक झुण्डिएको अवस्थामा फेला परेपछि उक्त स्थानमा प्रहरीले सुरक्षित हिरासत बनाउने योजना अन्तरगत हिरासतमा सीसी क्यामेरा जडान, टेलिभिजनको व्यवस्था, रंग रोगन र ह्यान्डहेल्ड मेटल डिटेक्टर, स्वच्छ खानेपानी समेतको व्यवस्था गरी सुरक्षित र सुविधासम्पन्न नमूना हिरासत कक्ष बनाउन सफल भएको थापाले जानकारी दिए।

प्रहरीले कन्काई नगरपालिका-४स्थित कन्काई माईपुलमा प्रेसर कुकर बम राख्ने ५ जनाविरुद्ध बम विष्फोटन र संगठित अपराधमा मुद्दा दर्ता गरी सफल अनुसन्धान गरी जिल्ला अदालतमा पेश गरेकोमा दुई जना धरौटीमा छुटेका थिए। प्रहरीको सक्रियताकै कारण जेठ महिनादेखि हालसम्म करिव एक सय ६७ वटा मुद्दा दर्ता भएको र चोरी तथा लागूऔषध मुद्दा वाहेक अन्य अपराध न्यून गर्न सफल भएको प्रहरी नायब उपरीक्षक थापाले दाबी गरे। उनले दशैंको अवधिभर चोरी, लुटपाट, झैझगडा लगायतका आपराधिक घटनामा विगतको तुलनामा कमी आएको बताए।

अपराध न्यूनीकरणमा सक्रिय भएका थापाले प्रहरी कार्यालयको सुधारमा समेत उल्लेख्य सुधार गरेका छन्। उनले प्रदेश सरकारबाट बिनियोजित बजेटवाट बालमैत्री कार्यालय स्थापनाको लागि चिल्ड्रेन कर्नर, अनुसन्धानात्मक अन्तरवार्ता कक्ष स्थापना गर्नुका साथै नागरिक सहायता कक्ष र जवान मेस निर्माणाधीन रहेकोको जानकारी दिए। प्रहरी नायब उपरीक्षक थापाले समुदाय साझेदारी कार्यक्रम अन्तर्गत स्कुल तथा कलेज तथा विभिन्न समुदायहरुमा ४१ वटा सचेतनामूलक कार्यक्रम, सार्वजनिक सुनुवाई, सुरक्षा सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको बताए।

साथै तिहार, छठ लगायतका चाडपर्वहरुमा हुनसक्ने घटनाहरुको रोकथामका लागि भीडभाड हुने स्थानहरुमा २० हजार सुरक्षा जनचेतनामूलक पर्चा, पम्प्लेट तयार गरी बाँड्ने र माइकिङ गर्ने थापाले बताए। प्रहरीले जस्तोसुकै अपराधमा संलग्नलाई तत्काल पक्राउ गरेकाले प्रहरीप्रति जनविश्वास बढ्दै गएको बताइएको छ। यसैबीच थापाले बिर्तामोडको नेतृत्व सम्हालेपछि शान्ति सुरक्षामा उल्लेख्य सुधार आउनुका साथै ठूला अपराधमा कमी आएको स्थानीयले बताएका छन्।

## जग्गा ...

शिवाकोटी परिवारको जमिन ढुङ्गाना परिवारले भोगचलन गर्दै आएको सीमाना भन्दा केही तलसम्म पर्ने बताए। छोरी रुची शिवाकोटीको नाममा दर्ता कायम रहेको जमिनमा बिर्तामोड नगरपालिका प्रमुख समेत रहेका ध्रुवकुमार शिवाकोटीले जमिन घेरावेराका लागि वाल उठाएपछि विवाद चुलिएको हो। यस अघि पनि सो जमिनमा विवाद नै रहेको बताइन्छ।

यता ढुङ्गाना परिवारले जमिनको विवादमा प्रशासन गुहारेको छ। ढुंगानाले प्रमुख जिल्ला अधिकारीसम्मलाई आफूहरुमाथि अन्याय भएको भन्दै निवेदन दिएका छन्। त्यसमाथि निवेदनमा जिउज्यानको सुरक्षाको माग गरिएको छ। तर, शिवाकोटी परिवारले ढुङ्गाना परिवारले लगाएको आरोप जस्तो नभएको भन्दै भ्रमको पछि नलाग्न आग्रह गरेका छन्। रुचीले विज्ञप्ति प्रकाशन गर्दै भनेकी छिन्- मेरो जमिन मिचेर विरुवा लगाउनु अनि उल्टै मलाइ अन्याय भयो भन्दै हिँड्नु आफैंमा लाजमर्दो कुरा हो।

घटनामा बिर्तामोड नगरपालिका-२ नम्वर वडा कार्यालय भने चुकेको छ। नगरपालिकाको न्यायिक समितिमा उजुरी परेपछि समितिले घटना मिलाउनका लागि वडा नम्बर २लाई पत्रचार गरेको थियो। तर, वडा कार्यालयले सो मुद्दालाई सोझै अदालत पठाएको छ। वडाले विवाद मिलाउन नसकेको खण्डमा पुनः न्यायिक समितिमा मुद्दा फिर्ता पठाउनु पर्नेमा वडा कार्यालयले सोझै ढुङ्गाना परिवारलाई अदालत पठाएको छ।

## सहाराद्वारा ...

गरी एम्बुलेन्स सहयोग गर्ने निर्णय गरेको संस्थाका उपनिर्देशक खतिवडाले जानकारी दिए। संस्थाका सञ्चालक समिति सदस्य रिजालका अनुसार सहारा नेपालले दुवै स्थानीय तहहरुलाई आवश्यक प्रक्रिया पूरा गरी एक कार्यक्रमकाबीच एम्बुलेन्स हस्तान्तरण गर्ने बताए। सहारा नेपाल र कुम्मायक गाउँपालिकाबीच आगामी दिनमा युवा स्वरोजगार, कृषि, क्षमता विकास लगायतको क्षेत्रमा सहकार्य गरी गरीब तथा विपन्नवर्गको हितका योजना बनाउँदै अघि बढ्ने सहारा नेपालको लक्ष्य रहेको छ। सहाराले आफ्नो गाउँपालिकालाई एम्बुलेन्स जस्तो मानवीय सेवाको अति आवश्यक साधन अनुदान सहयोग गर्ने निर्णयले सिंगो गाउँपालिका नै खुशी भएको गाउँपालिकाकी उपाध्यक्ष आचार्यले बताइन्।

उनले आफ्नो ठाउँमा अति आवश्यक रहेको एम्बुलेन्स सहयोगले कुम्मायका जनताले सहारा नेपालको सहारा पाएको बताउँदै सहाराले दिएको एम्बुलेन्सलाई पालिकाको मातहतमा राखेर अधिकतम् सदुपयोग गर्ने बताइन्।

## बार्षिक ...

पत्रमा हस्ताक्षर गरेका हुन्। समझदारी अनुरुप भ्रमण वर्ष २०२०का सन्दर्भमा विश्वभरबाट 'एक नेपालीले एक विदेशी साथी नेपाल ल्याउने अभियान' सञ्चालन गर्ने छ। उक्त कुराको अभिलेखीकरण सचिवालय र एनआरएनएले गर्ने व्यवस्था मिलाइने जनाइएको छ। सबैभन्दा बढी विदेशी साथी पढाउने व्यक्ति वा संस्थालाई सचिवालयले सम्मान गर्नेछ।

भ्रमण वर्षअवधिभर एनआरएनका विश्वभरि गरिने औपचारिक सेमीनार, गोष्ठीलगायत कार्यक्रम नेपालमा नै गर्ने व्यवस्था मिलाउने, विदेशस्थित नेपाली दूतावास र नियोगमा भ्रमण वर्ष प्रवर्द्धन कक्ष स्थापना गर्न आवश्यक जनशक्ति उपलब्ध गराउने समझदारी पत्रमा उल्लेख छ।

त्यस्तै एनआरएनएले विश्वभरका कम्तीमा ५० देशका मिस एनआरएनए इन्टरनेशनल आयोजना गर्ने र उक्त प्रतियोगिताको अन्तिम प्रतिस्पर्धा सन् २०२०को जुन महिनाभित्र नेपालमा गर्नेछ। भ्रमण वर्षको शुभारम्भ समारोहलाई सफल बनाउन सम्बन्धित देशका कुटनीतिक नियोगसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने, सञ्चारमाध्यममा डिजिटल मार्केटिङ, सामाजिक सञ्जालको प्रयोग, वेवसाइटमार्फत भ्रमण वर्षसम्बन्धी सकारात्मक सन्देश दिने सामग्रीको प्रवाह गरिने जनाइएको छ।


**नव युवा क्लब**
**अर्जुनधारा-४ र ७ मिलडाँडा, एकता चोक, झापाको**
**दुर्गा पूजाको आय-व्यय सार्वजनिक**

नवयुवा क्लब अजुर्सनधारा-४, ७द्वारा आयोजित दुर्गा पूजा २०७६को आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको जानकारी गराउँदछौं।

| आम्दानी | | खर्च | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| क्लबका सदस्य, विभिन्न व्यक्ति, संघ-संस्था, शुभचिन्तकबाट प्राप्त सहयोग रकम | १,५३,४९५।- | टेन्ट पन्डाल | २२,०००।- |
| | | साउण्ड सिस्टम | ३०,०००।- |
| | | कलाकार | १३,५००।- |
| | | ज्येष्ठ नागरिक सम्मान तथा लक्ष्यवर्ती दीप प्रज्ज्वलन | ५,५००।- |
| | | चियापान/प्रसाद वितरण | ५,९४५।- |
| | | गुरु दक्षिणा | १४,३००।- |
| | | शुभकामना छपाई तथा प्रचारप्रसार | ६,८४०।- |
| | | मण्डप श्रृंगार तथा जमरा राख्ने कार्यक्रम | २,०००।- |
| | | विविध | १,१००।- |
| | | जम्मा खर्च | १,०१,१८५।- |
| | | बचत | ५२,३१०।- |
| जम्मा | १,५३,४९५।- | जम्मा | १,५३,४९५।- |

बचत रकम सामुदायिक भवन निर्माणमा खर्च गरिनेछ। साथै माता दुर्गाको मूर्ति हिरामान साह, दिनेश भुजेल, राजेन्द्र साह, गंगाराम साहबाट सौजन्य प्राप्त भएको हो।

दिनेश भुजेल, सचिव | राजेन्द्र साह, संयोजक | देवेन्द्र मैनाली, कोषाध्यक्ष | हिरामान साह, अध्यक्ष

**दुर्गा पूजा आयोजक समिति- २०७६**


**कर्मचारी आवश्यकता**

सवारी साधनका लुब्रिकेन्ट्स र टायरको देशभरि मार्केटिङको लागि १ जना कर्मचारी आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।
१) योग्यता : सवारीसाधन सम्बन्धी कार्य गरेको।
२) शैक्षिक योग्यता : +२
३) Male only
४) vat सम्बन्धी ज्ञान भएको
Email: pab540048@yahoo.com
मोवाइल नं. ९८५२६८०५८१

**होटल तु-विक्रीमा**

बिर्तामोडस्थित महेन्द्र राजमार्गसँग जोडिएको, पोखरेल मार्केटमाथि, मुक्तिचोक १०० मिटर पश्चिम छेउमा अति चालूअवस्थामा रहेको मितेरी कान्तिपुर होटल एण्ड लज तु-बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला।
सम्पर्क : ९८५२६७१६१९

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस्।



श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# कानून सर्वोच्च शक्ति होस्

**विशिष्ट पदमा आसीन व्यक्ति नै अमानवीय एवम् आपराधिक घटनामा संलग्न भएको थुप्रै घटना छन् विश्वमा । त्यही विश्वभित्रको देश नेपाल त्यस्तो घटनामा जोडिनु आश्चर्यको कुरा होइन । अहिले हाम्रोमा त्यस्तै घटनामा सामाजिक तथा राष्ट्रिय जिम्मेवारी बोकेका, सर्वोच्च पदमा रहेका व्यक्ति र पदाधिकारीहरु मुछिन थालेका छन् । मुछिनु वा आरोप लाग्नु एउटा कुरा हो, कसुर प्रमाणित हुनु अर्कै । कसुर प्रमाणित भए अपराधी ठहर्छन् र उनीहरु प्रचलित कानून अनुसार दण्डित पनि हुन्छन् । तर, हामी कहाँ भने ठूला–वडाहरु कानूनको आँखा छोपिदिएर उन्मुक्त भइरहने प्रचलन छ, जसको परिणाम अपराधका घटनाहरु बढ्दैछन् र असुरक्षा महशुस गर्नु परिरहेको छ ।**

**रौतहट जिल्लाको साविकको राजपुर गाविसको राजपुर फरदहवा टोलमा वि.सं. ०६४ चैत २७ गते भएको विष्फोटमा परेकाहरुको नृशंस हत्या भएको थियो । तत्काल त्यसको कानूनी उपचार नहुँदा हत्या भएकाहरुका परिवार पीडामा बाँच्न बाध्य थिए । सो घटनामा आफताव आलम दोषी भनिएका थिए, तर पद र सत्ताको आडमा अपराध त्यतिकै सामसुम पारिएको चर्चाले अहिले आकाश छोएको छ । पद, प्रतिष्ठा र ऐश्वर्यका लागि मानिसले जस्तोसुकै अपराध गर्छ भन्ने इतिहाससिद्ध तथ्य हो । तर, पुर्खाले 'पाप धुरीबाट कराउँछ' भने जस्तै कांग्रेसका नेता तथा पूर्वमन्त्री आलम यतिबेला प्रहरी नियन्त्रणमा छन् ।**

**हाम्रै इतिहासमा कोतपर्व, भण्डारखाल पर्व, झापा काण्ड अथवा सशस्त्र द्वन्द्व सबैको अन्तर्यमा सत्ता, पद, प्रतिष्ठा र ऐश्वर्य जोडिएको छ । त्यहीकारण पनि अनाहकमा ज्यान गुमाउँदाको असह्य पीडा खपेर बाँचेकाहरुलाई आलम पक्राउ घटनाले आशाको दीयो जलाएको हुनसक्छ निराश भएको भित्री मनमा । त्यसो त सभामुख जस्तो गरिमामय पदमा रहेका कृष्णबहादुर महरा पनि पक्राउ परेका छन् । उनी आलमभन्दा पनि उच्चासीन व्यक्ति हुन् जो बलात्कार जस्तो निकृष्ट आरोप लागेर अपदस्थ भएका छन् । नेपालकै इतिहासमा हजारौंले अमानवीय ढंगले मारिनु परेको छ आजसम्ममा । तर, त्यसको न्यायिक निरुपण भएकै छैन । अदालतद्वारा दोषी ठहरिएका बालकृष्ण ढुंगेल प्रवृत्तिका थुप्रै प्रहरी र सरकारको नजरमा अझै पनि फरार होलान् ।**

**विधिको शासन र कानूनी राज्यको विशिष्टता राज्यको पहिचान हो र सभ्यताको प्रतीक पनि । त्यसकै लागि अतुल्य योगदान दिएका छौं भन्नेहरुले आ–आफ्नो छातीमा हात राखेर भनून् कि त्यो उद्देश्य प्राप्तिपछि देश र जनताका लागि कति निरपेक्ष सेवा गर्‍यौं । नागरिक सर्वोच्चता स्थापित गर्न, विधिको शासन लागू गर्न र मानव अधिकारको प्रत्याभूति दिलाउन सत्तामा रहेका दलहरुले, नेता एवम् नेतृत्वहरुले के–कति इमान्दारिता देखायौं– स्वमूल्यांकन गर्ने बेला आएको छ । अपराध जहाँ, जसले गरेको भए पनि अपराधीले उन्मुक्ति पाउनु हुँदैन, त्यो शान्ति सुरक्षाको रक्षक प्रहरी होस् वा नीति–निर्माता भन्ने जनप्रतिनिधि नै अथवा उच्चपदस्थ व्यक्तित्वहरु नै हुन् । सबैले कानूनी राज्यको अनुभूति दिलाउन इमान्दार प्रयास गर्नुपर्छ । अन्यथा यसकै लागि जनताले फेरि एकपटक बलिदानपूर्ण इतिहास निर्माण गर्न अग्रसर हुनुपर्ने समय आउन सक्छ ।**

सामाजिक सञ्जाल




लोकतन्त्रमा केही बहादुरले न्यायको विपक्ष बोल्न कोशिस गरे पनि जनताको तागतले बहादुरलाई पनि न्यायको पक्ष बोल्न बाध्य बनाउँछ ।

**– सजेश शिवाकोटी**



सांसद पक्राउ गरेकाले सरकारको खुब वाहवाही भइरहेको छ । २०६४ सालमा पत्रकार वीरेन्द्र साह हत्याको मुख्य अभियुक्त कानूनको नजरमा अझै फरार छन् । साहका भाइ भाइया रामका अनुसार ती अभियुक्त समाजमा खुल्लारुपमा घुमिरहेका छन् । सरकारले समात्न आँट गर्ला ?


**– भुषण यादव**



जनप्रतिनिधिहरुले पाउने सुबिधा र पारिश्रमिक देशको आर्थिक स्थिति अनुकूल हुनुपर्छ । देश ऋणमा छ । नागरिक करको भार थेग्नै नसक्ने हालतमा छन् । सामान्य सेवा लिन पनि अनेक शुल्क तिर्न र घुस दिन बाध्य छन् । अनि गाडी, पिए, भव्य फर्निचर, बिदेश भ्रमण, आवास घर, स्वाथ्य सेवाको पैसा, भत्ता आदिले आक्रोश थपेको छ ।

**– तारानाथ दाहाल**

# विज्ञान प्रविधि, मानवजाति र महावीर पुन



**तीर्थराज खरेल**

> सूचना, सञ्चार, यातायात, औषधिशास्त्र, इञ्जिनियरिङ, कृषि, शिक्षण, बैंकिङ आदि क्षेत्रमा विज्ञान र प्रविधिका कारण अभूतपूर्व प्रगति भएको छ र यसले मानव सभ्यतालाई माथिल्लो उचाइमा लगेको छ ।

सुप्रसिद्ध बेलायती दार्शनिक तथा विश्वविख्यात लेखक बर्ट्रेण्ड रसेलले भने झैं विज्ञानलाई मानवको सेवकको रुपमा लिनुपर्छ । विज्ञान र प्रविधिलाई मालिक हुन दिने होइन । विज्ञानले मानव जातिमाथि नियन्त्रण र शासन गरेमा त्यसको परिणाम भयावह हुन्छ । विज्ञान प्रविधिलाई मानवजातिको हितमा प्रयोग गर्न सकिएमा मात्र यसले काम गर्ने हो, नत्र यसले त विनाश नै गर्ने हो भन्ने संसारका इतिहासमा घटित अनगिन्ती युद्ध, लडाइँ र मानवता विरोधी ज्यादतिहरुले नै पुष्टि गर्न सक्छन् । विज्ञान र प्रविधिको दुरुपयोग हुँदा दोस्रो विश्वयुद्धमा जापानको हिरोसिमा र नागासाकीमा लाखौंको संख्यामा नरसंहार भएको भयावह परिघटना मानवस्मृतिबाट धुमिल भएको छैन ।

यस सम्बन्धमा नेपाली भाषा-साहित्यका महान नाटककार बालकृष्ण सम भन्छन्- ज्ञान मर्दछ हाँसेर, रोई विज्ञान मर्दछ । विज्ञान भनेको आगो जस्तै हो, सदुपयोग गर्न सकेमा लाभैलाभ छ, दुरुपयोग भएमा संसारकै सबैभन्दा बढी जोखिम यसैबाट छ । बम, बारुद र बन्दुकका विभिषिकाभित्रको कहालीलाग्दो भविष्यको कल्पनासहित त्रासद वर्तमानमा बाँचिरहेका छौं हामी । आणविक शस्त्रअस्त्रको अस्वस्थ र मानवता विरोधी प्रतिष्पर्धाको युगमा हामी बाँचिरहेका छौं हामी । शान्ति पक्षधरहरुको आवाज धीमा हुँदै गएको दुःखद् परिस्थितिको अनुभूत भइरहेको छ । युद्धपक्षीय सोचले विज्ञान र प्रविधिको दुरुपयोग मानवताविरुद्धमा गर्ने र विध्वंशको विद्रुप खेलको मञ्चन गर्ने हो । हो, अहिले यही भइरहेछ, मध्यपूर्वका देशहरुमा ।

विज्ञान र प्रविधिलाई आत्मसात नगर्ने मुलुक विकासको गतिमा सुस्त हुन्छ । अहिले नेपालीसँग विश्वका विभिन्न मुलुकमा काम गरेका, भ्रमण गरेका र आफ्नै आँखाले देखेका विज्ञान र प्रविधिले ल्याएका परिवर्तन र आविष्कारको अनुभव र प्रभाव छ । कृषि, शिक्षा, व्यापार, व्यवसाय, सूचना तथा सञ्चार लगायतका क्षेत्रमा विज्ञान र प्रविधिले ल्याएका अभूतपूर्व बद्‌लावहरुलाई उपयोग गर्न सक्ने हो भने विकासले फड्को मार्न सक्छ । मानव विकासका सूचकका प्रमुख आधार औसत आयु, साक्षरता प्रतिशत र प्रतिव्यक्ति आयलाई मान्ने विश्वव्यापी मान्यता छ । यी सूचकहरुमा सकारात्मक बढोत्तरीका लागि विज्ञान र प्रविधिका क्षेत्रमा भएका आविष्कार र नवप्रवर्तनहरुको उपयोग गरिनुपर्छ । शिक्षा, स्वास्थ्य, यातायात, सूचना, सञ्चार, उद्योग आदिमा विज्ञान र प्रविधिले ल्याएका परिवर्तनलाई प्रयोगमा ल्याउने हो भने मानव जीवनमा अति ठूलो परिवर्तन सम्भव हुन्छ ।

हुन त विज्ञान र प्रविधिका नकारात्मक पाटाहरु पनि छन् । विज्ञान र प्रविधिलाई मात्र अनावश्यक रुपमा जानेर वा नजानेर बढी महत्व दिँदा मानवीय मूल्यमान्यतालाई उपेक्षा हुन सक्दछ । मानवीय मूल्यमान्यतालाई ध्यान नदिँदा मानवताको मर्म मर्दछ । सदियौंदेखि चल्दै आएका परम्परा र मान्यता सबै राम्रा र नराम्रा दुवै हुँदैनन् । तिनीहरुलाई समयको सापेक्षतामा हेरिनुपर्दछ । परम्परागत मूल्यमान्यतालाई समयसापेक्ष परिवर्तन गर्न सक्नुपर्दछ । परम्पराभित्र रहेका असल पक्षलाई संरक्षण गर्दै र गलत र मानवताविरोधी पक्षलाई मिल्काउँदै अघि बढ्न जरुरी छ । एकपक्षीय रुपमा विज्ञान र प्रविधिलाई मात्र अघि बढाउँदा समस्या देखा पर्छ । तर विज्ञान र प्रविधिलाई जीवनका हरेक क्रियाकलापमा समावेश गर्नुपर्छ ।

हामीमा रहेका कु-संस्कार, कुरीति, अन्धविश्वास र मानवताविरोधी चालचलनहरुलाई धर्मको लेप लगाएर समाजमा बचाइएको हुन्छ । मानिस कुसंस्कारकाविरुद्धमा बोल्न नसकेर सहेर चुपचाप बस्दछ समाजको डरले । विज्ञान र प्रविधिले ल्याएका सर्वोत्तम परिवर्तनलाई पनि ग्रहण गर्न समाज र धर्मको मुख ताक्नुपर्ने दुःखदायी अवस्था हाम्रो समाजमा छ । समाजमा युगान्तकारी परिवर्तनलाई संस्थागत गरी मानव विकास सूचांकमा वृद्धि गर्न समाजका पश्चगामी मूल्यमान्यतालाई तिलाञ्जलि दिन आवश्यक छ, तर यो भने जति सजिलो छैन । संसारलाई बदल्नु छ, तर शुरु आफैंबाट गर्नुछ भने झैं हामीमा रहेका गलत संस्कार र मूल्यमान्यतालाई आगो लगाउन सक्नुपर्छ । हामीले आफ्नै टाउकोमा आगो



लगाउन सक्नुपर्छ । यसको अर्थ हामीले गलत संस्कार र गलत मान्यतामा आगो लगाउनुपर्छ भन्ने हो । संसारमा दुःख छ भनेर ब्याख्या गर्नुभन्दा मुख्य कुरा संसारलाई बदल्नु हो भने यसका लागि हरेक क्षेत्रमा विज्ञान र प्रविधिको सदुपयोग गर्नुपर्दछ । विज्ञान र प्रविधिकै कारण आज विश्व एउटा सानो गाउँ जस्तो भएको छ । सूचना, सञ्चार, यातायात, औषधिशास्त्र, इञ्जिनियरिङ, कृषि, शिक्षण, बैंकिङ आदि क्षेत्रमा विज्ञान र प्रविधिका कारण अभूतपूर्व प्रगति भएको छ र यसले मानव सभ्यतालाई माथिल्लो उचाइमा लगेको छ ।

नेपालमा विज्ञान र प्रविधिलाई मानव हितमा उपयोग गर्ने एक सच्चा देशभक्त नागरिकको रुपमा महावीर पुनले आफ्ना राष्ट्रवादी, मानवतावादी अभियानहरु सञ्चालन गरिरहेका छन् । वायरलेस प्रविधिद्वारा देशको ग्रामिण क्षेत्रमा सूचना प्रवाह गर्ने लक्ष्य बोकेर नेपाल वायरलेस सञ्जाल परियोजना मार्फत इन्टरनेट सञ्जाल विस्तार गर्न सफल व्यक्तित्व महावीर पुन म्याग्दी जिल्लाको नांगी गाउँमा जन्मिएका हुन् । भेडाबाख्रा गोठाले बनेर आफ्नो बाल्यकाल बिताएका पुन गाउँमा एक जीर्ण अवस्थामा रहेको पूर्वाधारको अभाव भएको सरकारी विद्यालयमा पढेका थिए । पुनका पिता एक अवकाशप्राप्त ब्रिटिश गोर्खा सेना थिए र उनले आफ्नो परिवारलाई देशको दक्षिण भेगमा बसाइँ सर्ने र छोराको शिक्षामा लगानी गर्ने निर्णय लिनाले पुनको जीवनमा ठूलो परिवर्तन ल्यायो । आफ्नो उच्च माध्यमिक शिक्षा सकेर पुनले १२ वर्षसम्म विभिन्न विद्यालयमा पढाउने काम गरे । सन् १९८९ मा पुनले संयुक्त राज्य अमेरिकास्थित नेब्रास्का विश्वविद्यालयबाट विज्ञान शिक्षामा स्नातकोत्तर हासिल गरे । स्नातकोत्तर सकेर २४ वर्षपछि आफ्नो गाउँ नाँगी फर्किदा उनले दिगो शिक्षाको आवश्यकता महशुस गरे र जसको शुरुवात उनले हिमाञ्चल माविको स्थापनाबाट सुरुवात गरे । कम्प्युटर शिक्षा र आयस्रोत वृद्धिलाई ध्यानमा राखी उनले आफ्नो कार्यक्रम अगाडि बढाउँदै देशलाई विकासको बाटातिर अग्रसर गराउन थाले ।

सन् २००१ महावीर पुनको जीवनको स्वार्णिम वर्ष रहन गयो जब विश्वव्यापी पहुँच भएको सञ्चार बीबीसीले उनको गाउँगाउँमा इन्टरनेटको पहुँच पुर्‍याउने महत्वाकांक्षी योजनालाई विश्वसमुदायमाझ पेश गरिदियो । बीबीसीको उक्त प्रस्तुतिले उनको लोकप्रियता ह्वात्तै बढाइदियो । युरोप र अमेरिकाबाट विभिन्न सहयोगी दाताहरुले पुनलाई आर्थिक सहयोग गरे र त्यस सहयोगबाट उनले नांगी र राम्चे आसपासका गाउँहरुमा वायरलेस इन्टरनेट सञ्चालन गर्न सफल भए । यसबाट उनले 'इन्टरनेट हल अफ फेम', 'समग्र सामाजिक नवीनता पुरस्कार' सहित एसियाको नोबेल पुरस्कार भने मानिने 'रोमन म्याग्स्यासे अवार्ड' जस्ता विभिन्न पुरस्कार तथा सम्मानद्वारा सम्मानित हुन पाए । उनको हौसला अझ बुलन्द हुँदै गयो । मुलुक र मुलुकबासीका लागि विज्ञानप्रविधिका क्षेत्रमा अझै केही गर्ने उनमा उत्प्रेरणा प्राप्त भयो । उनले सन् २०१२ मा सूचना तथा प्रविधि मार्फत सम्भावनाहरुको खोज र आविष्कार गर्ने उद्देश्यले मुनाफारहित संस्था राष्ट्रिय आविष्कार केन्द्रको स्थापना गरे । यस्तो विशाल योजनालाई मुर्तरुप दिन ठूलो आर्थिक सहयोगको खाँचो भयो उनलाई । नेपाल सरकार लगायत देशविदेशका नेपालीहरुको सहयोगले आज उक्त आविष्कार केन्द्रको काम, अभियान र गतिविधि तीव्र रुपमा अघि बढिरहेको छ ।

विज्ञान र प्रविधिले मानव जीवनमा सकारात्मक रुपान्तरण ल्याउने हो । हामी परिवर्तन चाहन्छौं । हामी यथास्थितिबाट उन्मुक्ति चाहन्छौं । पश्चगमन र अन्धविश्वासले जकडेको हाम्रो समाज र हाम्रो मानसिकता त्यति सजिलै परिवर्तन हुने सम्भावना पनि हुन्न । बाहिरी सभ्यताको जतिसुकै कुरा गरे पनि, लगाउने, खाने र बोल्ने कुरामा परिवर्तन ल्याए पनि तबसम्म साँचो परिवर्तन सम्भव हुँदैन, जबसम्म हामी साँचो रुपमा हृदयबाटै परिवर्तन हुन्नौ । विज्ञान र प्रविधिले मानवजातिका लागि दिएका असल कुराहरुकै कारण आज विश्व सभ्यताको यति विकास सम्भव भएको हो । मानिस असभ्य र जङ्गली अवस्थाबाट आजको आधुनिक अवस्थामा आउन र मानव जीवन सुखी र समृद्ध बन्न विज्ञानको सहयोग रहेको छ । मानव समाजमा गतिशिलताका लागि विज्ञान प्रविधिको अहम् भूमिका हुन्छ । विज्ञानले आविष्कार गरेका हरेक वस्तुलाई मानव कल्याणका लागि उपयोग गर्न सकेर सृजनात्मक कार्यका लागि सदुपयोग गर्न सक्ने हो भने विज्ञान-प्रविधि हरेक मानव जातिका लागि सदासर्वदा बरदान हुन सक्छ ।

*tirthakharel2028@gmail.com*

# बिर्तामोड-भद्रपुर सडक कहिले बन्ला ?



**जे.बी. जबेगू**

करिब दुई वर्षअघि नयाँ भद्रपुर सडक मुक्तिचोकबाट रामनाथ मार्गसम्म जोड्ने करिब ४.०० कि.मी. निमार्ण गर्ने भनी स्थानीय चुनाव लगतै बिर्तामोड नगरपालिका वडा नं. ४ का वडाध्यक्ष कूलप्रसाद संग्रौलाले तुरुन्त बनाउने भनी सडकको दुबै किनारमा रहेका नाला भत्काउने र पुर्ने काम शुरु गर्नुभयो । निकै तामझामका साथ सक्युरेटी समेत राखेर भत्काउने काम शुरु गर्नुभएको थियो ।

मलाई पनि जाँगर चल्यो र अध्यक्षलाई साथ दिनुपर्‍यो भनी साथ दिएँ । १०० मि. चौडाको सडक बनाउने भनेर १०० मि. सम्म नाप्दा धेरै मानिसको घरभित्र चिन्ह लगाउन पस्नुपर्‍यो । धेरैले आँखा तरे, त्यसपछि मैले वडाध्यक्षलाई सोधे- 'होइन कुलप्रसादजी यो सडक कहिले, कसरी र कसले बनाउने भनी' सोधे, वडाध्यक्षले भन्नुभयो- 'जबेगूजी, तुरुन्तै बन्छ, बनेन् भने सडक विभागको इञ्जीनियर र म यो सडकबीचमा सुतेरै भए पनि बनाउँछौं' । मलाई अलि चित्त बुझेन र ट्राफिकले सुरक्षा प्रदान गरेको देखेर ट्राफिक कार्यालयमा गएर ट्राफिक प्रमुख राजेश राईलाई सोधेँ । राईजीले भन्नुभयो- 'सडकको पहिलो ठेकदारको मुद्दा फैसला भएपछि तुरुन्त सडक विभागले बनाउँछ होला ।'

त्यसपछि पनि चित्त बुझेन र मेयरजीकोमा सोध्नुपर्‍यो भनी गएर सोधेँ, मेयर साब यो सडक कसले, कसरी बनाउँदैछ ? भनेर सोधे मेयर साबले- 'मलाई थाहा छैन, खै सडक कसले बनाउने हो, सडक विभागले बनाउने होला ।' त्यसपछि म अलमल्ल परे, सोध्छन् सडक कहिले बन्छ ? किनभने नाला भत्काएको छ, घरभित्र चिन्ह लगाएको छ, वरिपरि लठिभद्र छ ।

झण्डै एक बर्षपछि एउटा खबर सुनियो सडक बनाउनका लागि बजेट ३७ करोड बजेट पर्‍यो भनेर केही महिनापछि सडक निमार्णको शिलान्यास मुक्तिचोकमा भयो । त्यहाँ मेयर धुव्रकुमार शिवाकोटीले भन्नुभयो- 'यो बजेट मैले सम्माननीय प्रधानमन्त्री केपी ओलीको घरदलानमा मेरो टोपी थापेर बिर्तामोड मुक्तिचोकबाट भद्रपुर जाने सडक



बनाउने बजेट दिनु पर्‍यो भनी बिन्ती गरेर ल्याएको छु । अब यो बाटो डेढ बर्षभित्र सम्पन्न हुन्छ ढुक्क हुनुहोस्' -भन्नुभएको थियो र कार्य अगाडि बढेको डेढ बर्ष पूरा भयो । २०७५/०३/२४ गतेको सम्झौता अनुसार यो बाटो यही पुस ९ मा सम्पन्न हुनुपर्नेछ । तर, अहिलेसम्म निमार्णकार्य ३० प्रतिशत पनि कार्य पूरा भएको छैन । सडक बन्दा करिब ३ कि.मी. (मुक्तिचोकबाट बिर्ताबजारसम्म) जतिमा निकै राम्रो तरिकाले बन्ला भनी धेरैले आशा गरेका थिए ।

सडक १०० मि.को चौडामा नै बन्ला सडकको दुबैतिर खानेपानीको नाला बिद्युत्‌को खम्बा र ढलनालाको फोहरको लागि निकासको व्यवस्था डिपीआर मै आउला भन्ने कुरा लागेको थियो । तर, त्यसप्रति खासै चासो राखेको देखिएन र जसको कारण सडक बनिसकेपछि स्थानीयमा समस्या आउने छ । फलस्वरुप नगरलाई थप आर्थिक भार बढ्ने देखिन्छ । वास्तवमा भन्नुपर्दा सडक बनिसकेपछि निकै समस्या आउनेछ । यदि उचित निकासको व्यवस्था तुरुन्त गरिएन भने प्रायःको घरमा पानी जम्नेछ । विश्व २१औं शताब्दीको पूर्वाद्धमा छ अब बन्ने पूर्वाधारहरु बन्दा अबको ५० बर्षपछि पनि काम लाग्ने हुनुपर्दछ । हुनसक्छ राजमार्गको नियम आफ्नै होला । तर, शहरको केन्द्रमा सडक बन्दा आम जनताको सुलभता र हितको लागि बन्नु पर्दछ । त्यसको लागि प्रारम्भिक अध्ययन गरेर मात्र प्राविधिक सर्भे गरेर मात्र डिपीआर बनाएको भए यी यावत समस्या कमि हुनुका साथै दिर्घकालीन समस्या समाधान हुने थियो र एउटा नमूना शहरको पनि शुरु हुने थियो ।

साच्चै भन्ने हो भने आम उपभोक्ताहरुमा यो सडक निमार्ण कार्य देखेर रुष्ट देखिएका छन् भने यो सडक जुन मापदण्डमा हुनुपर्ने हो त्यो भएको पनि पाइँदैन नालाको उपयोगिता जति हुनुपर्ने थियो त्यो देखिँदैन । सडकको अन्यकुराहरु यहाँको बस्तुस्थिती हेरेर केही सुधार गर्न सकिने थियो । यो सडक हाम्रो हो, यहाँका बासिन्दाको हो । बिर्तामोड शहरको सुन्दरता पनि हो । यसले बिर्तामोड नगरपालिकाको गरिमा बढाउने काम पनि गर्दछ । न कि कुनै पनि ठेकदारले मुनाफाको लागि र कोही कमिसन खोरलाई यो कुरा प्रति चासो रहन्छ । यसको उचित ब्यवस्था समय अनुसार मिहिन तरिकाले अध्ययन अनुसन्धान गरी समयमै निमार्ण सम्पन्न हुँदा मात्र मेयरले 'मैले टोपी थापेर ल्याएको बजेट र वडाध्यक्षले म सडक मै सुतेर भए पनि निमार्ण गर्छु, भन्ने भावना र अठोटको सही सदुपयोग भएको ठहरिने थियो ।

म र मैले भन्ने अपरिपक्क भावनाका कारणले जनताले लामो समयसम्म दुःख भोगिरहेका त छैनन् । होइन भने के ले रोक्यो यति ४ कि.मी. सडक बनाउन डेढ बर्षसम्ममा पनि ३० प्रतिशतसम्म पनि निमार्ण भएको छैन । यस्तै निमार्ण कार्यको गति हो भने कति बर्षपछि निमार्ण सम्पन्न होला त यो सडक ? व्यापारिक केन्द्र जस्तो ठाउँको यो सडक समयमै निमार्ण नहुँदा आम व्यवसायी सर्वसाधरण जनताले कति समस्या पीडा व्यहोर्नुपर्‍यो, स्थानीय सरकार कहाँ छ, के हेर्दैछ ? कसले कहाँ बुझ्ने, कहाँ कसलाई खोज्ने ? कसको र कति कारणले ढिला सुस्ती भएको हो औल्याइ दिनु पर्‍यो सरोकारवालाहरुले ।

यतिका साधनस्रोत सुलभ भएको ठाउँमा यति छोटो सडक बनाउन यति समय लाग्छ भने दुर्गम ठाउँमा अझ कति समय लाग्छ होला ? यो वास्तवमा ठेकेदारको लापरवाही तथा कमजोरी हो । यसलाई तुरुन्तै कारवाहीको दायरामा लिई समयमै निमार्ण सम्पन्न गराउन बिर्तामोड नगरपालिका अग्रसर भई निमार्ण कार्य अघि बढाएमा मात्र बिर्तामोड नगरपालिकाको गरिमा बढ्ने छ ।

# उपचार र औषधि निःशुल्क पाउँदा सेवाग्राही दंग



**बिर्तामोड, कात्तिक ३।** झापाको बिर्तामोड-१ मा मुख्य कार्यालय रहेको साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाको आयोजनामा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर तथा भीआइए परीक्षण कार्यक्रम सम्पन्न भएको छ ।

बिर्तामोडस्थित अञ्जलि हस्पिटलको प्राविधिक सहयोगमा कनकाई नगरपालिका वडा नं. ७ दुर्गापुरस्थित भृकुटी माध्यमिक विद्यालयमा आयोजित शिविरमा तीन सय ५० भन्दा बढीले स्वास्थ्य परीक्षण गराएको संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतले जानकारी दिइन् ।

संस्थाले कन्काई, बिर्तामोड र अर्जुनधारा नगरपालिकाका आफ्ना शेयर सदस्यहरुलाई लक्षित गरेर सञ्चालन गरेको शिविरमा ७५ जना महिलाले पाठेघरको मुखको क्यान्सर भीआइए परीक्षण गराएको उनले बताइन् । संस्थाको आठौं स्थापना दिवसको अवसरमा एक दिवसीय निःशुल्क स्वास्थ्य शिविर तथा भीआइए परीक्षण गरिएको उनले बताइन् ।

शिविरमा अञ्जलि हस्पिटलका वरिष्ठ फिजिसियनहरु डा. दिपेश पोखरेल, डा. प्रमोदकुमार साह, वरिष्ठ वालरोग विशेषज्ञ डा. प्रमोदकुमार राय, वरिष्ठ हाडजोर्नी, नशा, बाथ रोग विशेषज्ञ डा. प्रकाशकुमार श्रेष्ठ, वरिष्ठ प्रसुति तथा स्त्री रोग विशेषज्ञ डा.गौरीशंकर झा लगायतले जनरल फिजिसियन सेवा, स्त्रीरोग सेवा, वालरोग सेवा, हाडजोर्नी, नशा, बाथ रोग सेवा लगायतका सेवाहरु प्रदान गरेका थिए ।

शिविरमा तीन-चार महिनाका नवजात शिशुहरुदेखि ८०/९० वर्षका वृद्धवृद्धाहरुले स्वास्थ्य परीक्षण गराएका थिए । उनीहरुलाई निःशुल्क औषधि समेत बितरण गरिएको थियो । शिविरमा सहभागीले एउटै छानामुनी विभिन्न डाक्टरहरुको परामर्शसहितको स्वास्थ्य परीक्षण र निःशुल्क औषधि पाएकोमा खुशी व्यक्त गरेका थिए ।

साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाकी अध्यक्ष देवी निरौला बस्नेतको अध्यक्षता तथा कनकाई नगरपालिका वडा नं. ७ का वडाध्यक्ष लीलाबहादुर कन्दङ्वाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा कार्यक्रम संयोजक प्रेमप्रसाद अधिकारीले स्वागत गरेका थिए ।

कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष कन्दङ्वाले सामान्य उपचार खर्च समेत नपाएर रोग पालेर बस्न बाध्य नागरिकका लागि निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको भन्दै आयोजकलाई धन्यवाद दिएका थिए ।

कार्यक्रममा कनकाई-१ का वडाध्यक्ष रोशनराज पोखरेल, भृकुटी माध्यमिक विद्यालयका प्रध्यानाध्यापक अञ्जना सिटौला, बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष वालकृष्ण सिटौला, अञ्जलि हस्पिटलका अध्यक्ष कुलप्रसाद खरेल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन साना मझौला व्यवसायी बचत तथा ऋण सहकारी संस्थाका कार्यकारी प्रमुख चन्द्रकुमार भट्टराईले गरेका थिए ।

# अझै खुलेन छोटी भन्सार



**इलाम, कात्तिक ३।** दशैँअघिदेखि बन्द भएको इलामको छिरुवा छोटी भन्सार कार्यालय अझै पनि खुल्न सकेको छैन । बिदामा घर गएका कर्मचारी हिरालाल उक्हेडा दशैं बिदापछि पनि नआएका कारण कार्यालय खुल्न नसकेको हो ।

इलामको सूर्योदय नगरपालिका-४ को अन्तुस्थित छिरुवा छोटी भन्सार कार्यालय दशैं अगाडिदेखि नै बन्द छ । कार्यालयदेखि नजिकै घर भएका एक स्थानीय बासिन्दाका अनुसार यहाँ रहेका कर्मचारी दशैंको घटस्थापनाअघिसम्म कार्यालयमा नै भए पनि त्यसयता उनलाई पनि नदेखेको र कार्यालय पनि नखुलेको वताइएको छ । दशैंपछि सार्वजनिक विदा सकिएको १० दिन बितिसक्दासम्म कार्यालयमा कोही आएका छैनन् ।

सीमाक्षेत्रमा रहेको भन्सारजस्तो कार्यालय कर्मचारीविहीन भएर कुनै काम नहुँदा माथिल्लो निकायले अहिले चासो देखाएको छैन । यो भन्सारले भारतको मिरिक, ओकाइटी लगायतका स्थानबाट मेची खोला हुँदै आयात गरिने सामानको भन्सार राजश्व काट्ने र नेपालबाट ती स्थानमा निकासी हुने चौपाया लगायत अन्य सामानको भन्सार असुल्ने काम गर्ने गरेको छ । पशुपतिनगर भन्सार कार्यालयको मातहतमा रहने छोटी भन्सार कार्यालय प्रायः नखुल्ने गरेको स्थानीयबासीको भनाइ छ । पशुपतिनगर भन्सार कार्यालयका प्रमुख गजेन्द्र भट्टराईले दशैंपछि कार्यालय नखुलेको आफूलाई जानकारी नभएको रासससलाई बताए ।

# 'घरजम' मौलिक चलचित्र




**बिर्तामोड, कात्तिक ३।** मौलिक नेपाली कथानक चलचित्र 'घरजम' झापाको बिर्तामोडमा विशेष प्रदर्शन हुने भएको छ ।

मौसम इम्बुङद्वारा निर्देशित चलचित्र 'घरजम' कात्तिक ५ गते झापाको बिर्तामोडस्थित कृष्ण चलचित्र मन्दिरमा प्रदर्शन गरिने भएको पत्रकार सम्मेलन गरी जानकारी दिइयो ।

कार्यक्रममा चलचित्रका निर्देशक मौसम इम्बुङले भने- 'घरजम लिम्बू समुदायको जीवन-दर्शनलाई आधार मानेर निर्माण गरिएको नेपाली कथानक चलचित्र हो । 'घरजम'का लागि स्टार भ्याल्यु रोजाइमा पर्न सकेन ! क्यारेक्टरमै काम गर्नुपर्छ भन्ने मान्यताले 'घरजम' बनेको छ ।

क्यारेक्टरलाई आधार मानेर बनाइएका चलचित्रहरुले 'नेपाली चलचित्र यस्तो हुनुपर्छ' मन्ने मानक स्थापित गर्न खोजिरहेको बेला 'घरजम'ले एउटा इटा थप्ने काम गरेको छ । हाम्रा पात्रहरुलाई मौलिक रुपमा प्रस्तुत गर्नु र सर्लक्कै समाज देखाउनु वा सुनाउनु 'घरजम'को विशेषता हो ।'

त्यस्तै चलचित्रकी निर्माता तथा कलाकार सीताकुमारी तुम्बापोले सन्ततीलाई आफ्नो देश, भाषा, संस्कार-संस्कृति र परम्परासँग परिचित गराउँन कला क्षेत्र सबैभन्दा प्रभावकारी माध्यम रहेको मान्यताका साथ चलचित्र निर्माण गरिएको बताइन् । उनले भनिन्- 'हामीले पहिलो पटक चलचित्र 'थात्थलो' निर्माण गरेका थियौं । 'घरजम' दोस्रो चलचित्र हो । 'घरजम' व्यवसायिक रुपमा समेत नेपाली चलचित्र उद्योगमा प्रतिस्पर्धी चलचित्र हो । चलचित्रले बोकेको मौलिकता हामी र आम दर्शक तथा नेपाली चलचित्र क्षेत्रका लागि थप उपलब्धि हो ।'

चलचित्र 'घरजम' देशभरका मल्टिप्लेक्स तथा सिङ्गल थिएटर गरी ८० भन्दा बढि चलचित्र हलमा प्रदर्शन गर्ने लक्ष्य रहेको जानकारी दिइयो ।

त्यस्तै विदेशका १० भन्दा बढी स्थानमा विशेष प्रदर्शनीको तयारी समेत गरिएको विशेष प्रदर्शन समितिका संयोजक शैलेन्द्र थेवेले जानकारी दिइयो । चलचित्र 'घरजम'लाई 'घुम्ती' शैलीमा समेत प्रदर्शन गर्ने योजना रहेको उनले बताए । घुम्ती प्रदर्शन अन्तर्गत इलामका १०, पाँचथरका ८, ताप्लेजुङका ९, तेह्रथुमका ६, धनकुटाका ७ र संखुवासभाका १० गरी ५० वटा स्थानीय तहमा प्रदर्शन गर्ने संयोजक थेवेले जानकारी दिए ।

घरजम युनिटले विशेष प्रदर्शनीपछि स्थानीय स्तरमा पत्रकार, वुद्धिजीवी, साहित्यकार, समिक्षक तथा सरोकारवाला पक्षसँग चलचित्रबारे समिक्षात्मक छलफल गर्ने योजना बनाएको छ । उद्योगको रुपमा स्थापित चलचित्र क्षेत्र र चलचित्रबारे छलफलको शरुवात गर्ने योजना रहेको घरजमका सञ्चार सल्लाहकार मिलन लिम्बूले जानकारी दिए ।

करिब ८० लाखको लगानीमा बनेको चलचित्रको निर्माता किशोरकुमार लिम्बू र सीताकुमारी तुम्वापो हुन् भने सहनिर्माताको रुपमा तेज मेन्याङ्बो रहेका छन् । चलचित्रमा, बुद्धी तामाङ, सृजना सुब्बा, यासेली योङहाङ, रवी शेर्मा, कुशल थलङ, शुष्मा सुब्बा लगायतका कलाकारहरुको अभिनय रहेको छ । कार्यक्रममा बिर्तामोड विशेष प्रर्दशन समितिकी संयोजक शीला उप्रेतीले बिर्तामोड क्षेत्रका एक हजार दर्शकलाई चलचित्र देखाउने बताइन् ।

# पौड्याल बन्धुको सभा



**बिर्तामोड, कात्तिक ३।** पौड्याल वंशोद्वार बिर्तामोड नगर समितिको छैटौं साधारणसभा सम्पन्न भएको छ ।

पौड्याल वंशोद्वार बिर्तामोड नगर समितिका अध्यक्ष कमलप्रसाद पौड्यालको अध्यक्षता तथा संस्थाका केन्द्रीय उपाध्यक्ष प्रह्लाद पौड्यालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष हरिप्रसाद पौड्यालले स्वागत गरेका थिए ।

कार्यक्रममा संस्थाका केन्द्रीय महासचिव युवराज पौड्याल, केन्द्रीय सचिव दुर्गाप्रसाद पौड्याल, जिल्ला सचिव नेत्रप्रसाद पौड्याल लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा बिर्तामोडनगरका पौड्याल वन्धुका ज्येष्ठ बलराम पौड्याल, हरिमाया पौड्याल, असल बुहारी धर्मकुमारी पौड्याल, एसईईमा उत्कृष्ट अंक ल्याउने सौगात पौड्याल र रक्षा पौड्याललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा संस्थाकी कोषाध्यक्ष सुष्मा पौड्याल‌ले छ लाख ६९ हजार पाँच सय ६८ रुपैयाँको आयव्यय प्रस्तुत गरेकी थिइन् । कार्यक्रमको सञ्चालन पौड्याल वंशोद्वार बिर्तामोड नगर समितिका सचिव पारस पौड्याललेे गरेका थिइन् ।

# एनएमसीको सदस्य शिक्षा तालिम



**बिर्तामोड, कात्तिक ३।** नेपाल बहुउद्देयीय सहकारी संस्था लिमिटेड (एनएमसी) बिर्तामोड-१० सैनिकबजार कार्यालयको आयोजनामा एक दिवसीय सदस्य शिक्षा कार्यक्रम सम्पन्न भएको छ ।

एनएमसीको विषयमा जानकारी गराई संस्थामा आबद्ध सदस्यको कर्तव्य र भूमिकाबारे प्रशिक्षण प्रदान गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको हो ।

सैनिक बजार कार्यालय अन्तर्गत एकाई नम्बर १ का उपस्थित सम्पूर्ण शेयर सदस्यहरुको अध्यक्षतामा भएको कार्यक्रममा कार्यालयगत उपसमिति सदस्य गंगाप्रसाद मैनालीले औचित्यमाथि प्रकाश पार्दै स्वागत गरेका थिए ।

संस्थाका एक सयभन्दा बढी शेयर सदस्यको सहभागिता रहेको कार्यक्रममा चन्द्रगढी कार्यालयगत उपसमिति संयोजक प्रशिक्षक यामनाथ शिवाकोटीले सहजीकरण गरेका थिए । उनले एनएमसीको सांगठनिक संरचना, यसका नीति तथा कार्यक्रम, सेवा सुविधा, क्षेत्राधिकार आदिबारे जानकारी गराउनुको साथै असल संस्कार र स्वस्थ जीवनशैलीका विषयमा प्रशिक्षण प्रदान गरेका थिए ।

कार्यक्रममा संस्थाको कार्यालयगत उपसमिति सदस्य टीकाराम दंगाल, एकाई समिति संयोजक रत्नबहादुर बस्नेत, सदस्यहरु प्रेमबहादुर पौडेल, कल्पना श्रेष्ठ, मनमाया लिम्बू लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा सहभागीका तर्फबाट खुबराज भट्टराई र कल्पना बस्नेतले तालिमबाट आफूहरु लाभान्वित भएको र आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने प्रतिक्रिया दिएका थिए । संस्थाका सैनिकबजार कार्यालय प्रमुख सुमन पोखरेलले संस्थाको वित्तीय विवरण प्रस्तुत गरेको कार्यक्रमको सञ्चालन पवन खतिवडाले गरेको पवन मैनालीले जानकारी दिए ।

# मायामा सुसाइड...



आगामी कात्तिक १५ गतेदेखि प्रदर्शन हुने चलचित्र 'बादशाह जुट'को 'सुसाइड' बोलको गीत सार्वजनिक गरिएको छ ।

गीतको भिडियोमा नायक सुशिल श्रेष्ठको साथमा आमिर गौतम, रोषी खड्का, केइसा रावतलाई फिचरिङ गरिएको छ । चलचित्रका निर्देशक जोनी सिंह रानाको शब्द रहेको गीतमा कोशिस क्षेत्रीको संगीत छ ।

रूपक डोटेलको समेत आवाज रहेको गीतको भिडियोलाई विक्रम स्वाँरले कोरियोग्राफी गरेका छन् । शशी कुमारको पटकथा रहेको चलचित्रमा उत्तम हुमागाँइको छायांकन, राजकुमार उप्रेतीको एक्सन, दिर्घ खड्काको सम्पादन छ । चलचित्रमा हर्कबहादुर कुँवर र भोजरा श्रेष्ठको लगानी रहेको छ ।

# घुँडाको हड्डी खिइने कारण र समाधान



'डाक्टर साब, धेरै भयो घुँडा करकरी दुख्न थालेको, उठे बस्न हुँदैन, बसे उठ्न हुँदैन । हड्डी नै जाम भए जस्तो हुन्छ । चिसो पानी खेलाउँदा त झन् भुतुक्कै हुन्छु । के भयो के भयो ।' बढ्दो चिसोसँगै यस्ता समस्या लिएर आउने बिरामी हरेक अस्पतालमा बढ्न थालेका छन् । यो समस्या विशेषतः हरेक वर्षको हो ।

संसारभरि विभिन्न अस्पतालमा गरिएका अनुसन्धानका आधारमा हरेक वर्ष जस्तो घुँडा र जोर्नीको समस्या लिएर आउने बिरामीको चाप बढ्दो छ । जोर्नी र घुँडा दुख्ने अनेकौं कारणमध्ये घुँडाको हड्डी खिइनु ( ओस्टियोआर्थराइटिस) मुख्य कारण हो । हड्डी खिइनु प्रायः बुढ्यौलीको रोग हो जुन महिलामा र अधिक वजनका मानिसमा बढी देखिन्छ ।

सामान्यतया यो समस्या ६० वर्ष काटेकाहरूमा बढी देखिन्छ । खिइएको हड्डीलाई पुरानै अवस्थामा लैजान नसके पनि संशोधित जीवनशैली, स्वस्थ तौल र केही उपचारहरु कायम राख्दा रोगको प्रगति ढिलो हुने, दुखाइ कम हुने र दैनिक कार्यमा सुधार गर्न मद्दत गर्छ ।

**हड्डी खिइनुका जोखिम र कारण**

ओस्टियोआर्थराइटिस तब हुन्छ जब हड्डीको छेउमा रहेको कुरकुरे हड्डी (कार्टिलेज) बिस्तारै बिग्रन्छ । कार्टिलेजले जोर्नीको हड्डीमा विनाघर्षण गति प्रदान गर्ने काम गर्छ । अन्ततः, जब यो घुँडाको कुरकुरे हड्डी पूर्ण रूपमा तल झर्छ, हड्डीले हड्डीमा घर्षण गर्न शुरू हुन्छ, जसले गर्दा घुँडाको हड्डी खिइन शुरू हुन्छ ।

**जोखिम बढाउन सक्ने प्रमुख कारण**

- बढ्दो उमेर,
- महिला, विशेषगरी महिनावारी रोकिएपछि,
- अधिक वजन जसले गर्दा घुँडामा धेरै जोड पर्छ र हड्डी खिइन शुरू हुन्छ,
- पुरानो जोर्नीको चोट र कमजोर मांसपेसी,
- लामो समयसम्म उभिएर काम गर्ने,
- पारिवारिक इतिहास

**संकेत र लक्षण**

- हड्डी कतिको खिइएको छ, त्यो आधारमा यसका लक्षणहरू बढ्ने गर्छ ।
- सामान्यतया लक्षणहरु विस्तारै देखिने गर्छन् ।
- घुँडाको दुखाइ, सामान्यतया लामो समयसम्मको प्रयोगपछि वा निष्क्रियताको अवधिपछि,
- घुँडाको जोर्नी कक्रक्क हुनु जसले गर्दा घुँडा खुम्च्याउन वा सोझो बनाउन गाह्रो हुने,
- घुँडाको जोर्नी वा जोर्नी वरिपरि दबाउँदा दुख्ने,
- घुँडाको जोर्नी लचिलो नहुनु, जसले गर्दा हिंड्न या खुट्टा चलाउन गाह्रो हुने,
- हिँड्दा वा घुँडा चलाउँदा क्रयाक्क आवाज आउने
- कोही कोहीमा घुँडा सुन्निने, रातो, तातो हुने गर्छ

निरन्तर घुँडाको दुखाइ बढ्यो, घुँडा कडा हुँदै गयो र दैनिक कार्यमा बाधा आउन शुरु भयो भने जँचाएर उपचार शुरू गरिहाल्नुपर्छ ।

**उपचार**

खिइएको हड्डी उल्टाउन त मिल्दैन, तर समयमा उपचार गर्यो भने पीडा कम गर्न र भविष्यमा निम्तिन सक्ने जटिल समस्याहरूलाई रोक्न भने अवश्य सकिन्छ । हड्डीको खियाइको आधारमा उपचारका विभिन्न विधिहरू अपनाउन सकिन्छ । आवश्यक चेकजाँच जस्तै एक्स-रेको आधारमा हड्डी कत्तिको खिइएको छ हेरी त्यसै बमोजिम उपचार शुरू गर्नुपर्छ ।

- सर्वप्रथम यदि तौल बढी छ भने उचित व्यायाम र खानपिन मिलाएर तौल घटाउने, जसले गर्दा घुँडामा शरीरको वजन कम गराएर दुखाइ र घर्षण कम गराउन मद्दत गर्छ,
- घुँडाको जोर्नीलाई तातो बनाउने जसले गर्दा दुखाइको महशुस कम हुन्छ,
- चिसोबाट सकेसम्म जोगिने,
- धेरै समयसम्म उभिएर काम नगर्ने,
- लामो समय हिंड्दा लाठी वा कुनै सहारा लिएर बिसाउँदै बिसाउँदै हिंड्ने,
- धेरै दुखेको खण्डमा दुखाइ कम गर्ने औषधि खाने
- धेरै नै पुरानो र लामो समयदेखि दुखेको छ र हड्डी धेरै नै खिइएको छ भने सुई लगाउने, घुँडामा सानो प्वाल बनाएर जोर्नी सफा गर्ने लगायतका उपचारहरू गर्न सकिन्छ ।

यदि माथि उल्लेखित उपचार विधिले दुखाई कम नभएको खण्डमा शल्यक्रिया गर्नु अन्तिम विकल्प हुन्छ ।

घरेलु उपचार विधि र प्राकृतिक खानपिनबाट पनि केही हदसम्म दुखाइ कम गर्न सकिन्छ ।

- हर्बल चियाको सेवनले कुरकुरे हड्डीलाई जोगाउँछ
- थोरै मात्रामा दैनिक अदुवाको सेवनले दुखाइ कम हुन्छ ।
- बेसार र मरिच खानाले हड्डीको दुखाइ र कडापनलाई कम गर्छ ।
- सक्रिय जीवनशैली जस्तै हरेक दिन योग गर्ने, हिंड्ने, साइकल चलाउने आदि गर्नाले मांसपेसीलाई मजबुत बनाउनुका साथै दीर्घकालीन रूपमा दुखाइ कम गर्छ ।
- सन्तुलित आहारको सेवन गर्ने जस्तै ब्रोकाउली, माछा (तुना, साल्मन माछा), बदाम, ओखर, चिल्लोपना कम भएका दूधजन्य उत्पादनहरु (क्याल्सियम र भिटामिन डी भएका जसले हड्डी र जोर्नीलाई स्वास्थ्य राख्न मदत गर्छ)
- विशेषगरी महिनावारी रोकिएका महिलाहरूले आफ्नो खानामा क्याल्सियम र भिटामिन डी भएका खानेकुरा फलफूलहरू खाने ।

तसर्थ, घुँडाको दुखाईलाई गम्भीरतापूर्वक लिएर समयमै उपचार शुरू गर्दा हड्डी खिइने र भविष्यमा हुनसक्ने समस्याहरूबाट केही हदसम्म आफ्नो जीवनशैलीलाई सरल र सहज बनाउन सकिन्छ ।

**प्रस्तुति : डा. अविरोध रानाभाट**